मध्यनेपाल नगरपालिका

स्थानीय राजपत्र

खण्डः २,   संख्याः ३,   प्रकाशन मितिः २०७६।१०।२६

**भाग-२**

# नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७५

**प्रमाण्किरण मिति २०७५।०२।०८**

नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको सहज आपूर्ति गर्न, चोरी उत्खनन तथा निकासीलाई निरुसाहित गर्न र IEE स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन, संकलन, घाटगद्दी, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन वाञ्छनीय भएकाले प्रशसकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ अनुसार मध्यनेपाल नगर्यपालिकाले यो कार्यविधि बनाई लागू गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम “मध्यनेपाल नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७५” रहेको छ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी नगर प्रमुखबाट प्रमाणिकरण भएको मिति देखी लागू हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "कार्यविधि" भन्नाले “मध्यनेपाल नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७५” लाई जनाउनेछ।

२.२ "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जनाउनेछ।

२.३ "अनुगमन समिति" भन्नाले लमजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिलाई जनाउनेछ।

२.४ "कार्यदल" भन्नाले नगर प्रमुखको अध्यक्षतामा रहेको अनुसूचि ५ बमोजिमको कार्यदललाई जनाउनेछ।

२.५ "जि.स.स". भन्नाले जिल्ला समन्वय समितिको कार्यालय लमजुङलाई जनाउनेछ।

२.६."नगरपालिका" भन्नाले मध्यनेपाल नगरपालिका, लमजुङ लाई जनाउनेछ।

२.७ “नदीजन्य पदार्थ भन्नाले उत्खनन गर्न अनुमति भएको नदी बगर क्षेत्रबाट उत्खनन गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट र माटो समेतलाई जनाउनेछ।

२.८. "**IEE**"भन्नाले नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्ने प्रयोजनको लागि मन्त्रालय द्धारा स्वीकृत Initial Environmental Examination(प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदन लाई जनाउनेछ।

२.९ "घाटगद्दी" भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ उत्खनन गरेर ल्याई राख्ने स्थल वा यस कार्यविधिको दफा ६.१ र ६.२ मा उल्लेख गरिएको उत्खनन स्थल समेतलाई जनाउनेछ।

२.१० "नगर स्तरीय अनुगमन समिति" भन्नाले कार्यदलले तोके बमोजिम समय समयमा खटिने अनुगमन समिति बुझ्नु पर्नेछ।

**३.कार्यविधिको आवश्यकता :** मध्यनेपाल नगरपालिकामा आर्थिक तथा वातावरणीय दृष्टिकोणबाट नदीजन्य पदार्थ निकाल्न निषेध गरेको क्षेत्र, वन क्षेत्र छ। नदीजन्य पदार्थ चोरी निकासी हुन सक्ने प्रवल सम्भावना रहेकोले सो क्षेत्रको संरक्षण गरी अवैद्य उत्खनन नियन्त्रण गर्न आवश्यक रहेको छ। नगरपालिकामा ठूला विकास आयोजनाहरु, नियमित सार्वजनिक विकास निर्माण कार्य र निजी निर्माण कार्य समेत तिव्र गतिमा अगाडी बढेको छ। यस अवस्थामा एकातर्फ निषेधित क्षेत्रको संरक्षण गर्नु परेको र अर्को तर्फ बजारमा नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न र नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएकोले नगर कार्यपालिकाको मिति २०७५/०२/०८ को निर्णय कार्यान्वयन गर्न आवश्यक भएको छ।

**४. कार्यविधिको उद्देश्य :** यो कार्यविधिको उद्देश्य देहाय बमोमिज रहेको छ।

४.१ नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन तथा ओसार पसार गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE)प्रतिवेदनका शर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

४.२ नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरीपरिको वातावरण संरक्षण गर्ने।

४.३ नदीजन्य पदार्थको अवैद्य रुपमा अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै सहज आपूर्ति प्रबन्ध मिलाउने ।

४.४ नदीजन्य पदार्थ संरक्षण तथा व्यवस्थापन गर्ने सन्दर्भमा भएका निर्णयहरुलाई स्थानीयता विशेषका (Localize) आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ।

४.५ आम नागरिकलाई सुपथ मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुन सक्ने वातावरण सृजना गर्ने ।

४.६ सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

**५. कार्यविधिको क्षेत्र :** यो कार्यविधि मध्यनेपाल नगरपालिका क्षेत्रका निम्न क्षेत्र भित्र मात्र लागू हुने छ ।

५.१ नगरपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन र बिक्री वितरण गर्न IEEप्रतिवेदनले स्वीकृत गरेका क्षेत्रहरु ।

५.२ नगरपालिका क्षेत्र भित्रका रहेका अन्य नदी तथा खहरेहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन बिक्री वितरण गर्न स्वीकृत IEE प्रतिवेदनले उल्लेख गरेका क्षेत्रहरु ।

५.३ नगरपालिका क्षेत्र भित्रका रहेका वन क्षेत्र भित्र रहेका नदी प्रणालीहरुबाट जिल्ला वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थ उत्खनन र बिक्री वितरण गर्न सम्बन्धीत निकायद्धारा स्वीकृतIEEप्रतिवेदनले स्वीकृत गरेको क्षेत्र ।

५.४ नगरपालिका भित्र रहेका नदी, खहरेमा नदीजन्य पदार्थ थुप्रन गई सो को कारणले प्रकोप जोखिम हुन सक्ने भएमा त्यस्ता पदार्थ हटाउन आवश्यक स्थलहरु ।

५.५ नगरपालिका क्षेत्र भित्रका विभिन्न निजी जग्गा धनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन गरी हटाउन माग गरेको अवस्थामा सो माग गरेको क्षेत्र र परिमाण भित्र ।

५.६ नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न सरकारी सार्वजनिक जग्गा उत्खनन गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन गरिने क्षेत्र र परिमाण भित्र ।

५.७ नगरपालिका क्षेत्र भित्रका कृषकले निजी जग्गालाई खेतीयोग्य बनाउँदा, माछापोखरी निर्माण गर्दा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म सञ्चालन गर्दा निस्कने नदीजन्य पदार्थ उत्खनन गरी उक्त स्थलबाट हटाई अन्यत्र ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

**६. उत्खनन विधि :** यस कार्यविधि बमोमिज उत्खनन् गर्दा उत्खनन् कर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपभोक्ता स्वयम) देहायको शर्त तथा मापदण्ड पालना गर्नुपर्नेछ ।

६.१ नदीजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित नगरपालिका प्रतिनिधि, जनप्रतिनिधि समेतको रोहवरमा IEEप्रतिवेदनका आधारमा घाट चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नुपर्ने ।

६.२ उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछी मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

६.३ नगरपालिकाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा ओसार पसार गर्न अनुमति दिँदा कुनै एक स्थललाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

६.४ नदीजन्य पदार्थ उत्खनन गर्दा नगरपालिकाबाट खटिएका जनप्रतिनिधि तथा कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने भारी यान्त्रीक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने ।

६.५ उत्खनन गर्दा भारी यान्त्रीक उपकरणको प्रयोग सम्बन्धमा IEEप्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा नगरपालिकाको निर्णय बमोमिज गर्ने ।

६.६ नदीजन्य पदार्थ उत्खननको कार्य गर्दा विहान ६ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी नियमित अनुगमन गर्ने ।

६.७ उत्खनन स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण नगरपालिकाको सहमतिका आधारमा गर्ने । उत्खननका लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्ने भएमा यस कार्यविधिको अनुसूचि १ बमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

६.८ परिमाण नियन्त्रण लागि दैनिक पटके उत्खनन अभिलेख खाता अनुसूचि २ बमोजिमको ढाँचामा उत्खनन स्थलमा राख्ने ।

६.९ उत्खनन गरि सके पछि छनौट गरि छाडीएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नु पर्नेछ । उत्खनन गर्दा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्नेछ । नदीको पानीको मौजुदा (Existing) बहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन ।

६.१० उत्खनन कार्यमा खटिने ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र नगरपालिकाले बेला बेलामा दिइएको निर्देशन पालन गर्नुपर्ने छ ।

६.११ उत्खनन गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा बढी हुने गरी संचय गर्न निषेध गर्ने । कुनै संरचनाको निर्माणस्थल बाहेक उत्खनन् स्थल वरिपरीको ३ कि.मि.क्षेत्र भित्र उत्खनन गरिएको नदीजन्य पदार्थ हाते प्रविधिबाट प्रशोधन गर्न निषेध गर्ने ।

६.१२ उत्खनन गर्दा पानीको सतह भन्दा १५ सेन्टीमिटर माथी छाड्नु पर्नेछ । उत्खनन् सम्बन्धी IEEका सबै शर्त पालना गर्नुपर्नेछ ।

६.१३ उत्खनन स्थलमा नगरपालिकाबाट अनुमति प्राप्त ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

६.१४ उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि शौचालय निर्माण गरी जथाभावी मल मुत्र त्याग गर्न निषेध गर्ने ।

६.१५ उत्खननका लागि पहिचान भएका घाट नजिक सबैले देख्ने गरि उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं. लगायतका कुराहरु अनुसूचि ३ बमोजिमको ढाँचामा जानकारी मुलक सूचना बोर्ड तयार गरी राख्ने ।

**७. नदीजन्य पदार्थको ओसार पसार तथा रोयल्टी रकम उठाउने विधि :** नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नुपर्ने छ ।

७.१ नदी प्रवेश आदेश लिई उत्खनन गरिने घाटमा प्रवेश गरी उत्खनन गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधी भर नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नुपर्ने छ।

७.२ नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्ट संग भर्न लगाई लिनु पर्नेछ। पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं, ढुवानीगरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, आदी) अनुसूची ४ बमोजिम हुनेछ।

७.३ नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ८ बजे देखि साँझ ६ बजे सम्म मात्र कायम गर्ने।

७.४ नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घ.फु. सम्मको ट्रक/टिप्पर मात्रको प्रयोग गर्न दिने सो को अनुगमन नेपाल प्रहरी, जनप्रतिनिधि र नगरपालिकाका कर्मचारीले गर्ने।

७.५ नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधि भर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने। सो को अनुगमनको प्रबन्ध नेपाल प्रहरी, जनप्रतिनिधि र नगरपालिकाका कर्मचारीले गर्ने।

७.६ नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र ४० कि.मि. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन।

७.७ मूलबाटोबाट  उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत सम्बन्धित न.पा. वा गा.वि.स.ले गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने।

७.८ कृषि कार्य वा अन्य निजी प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन्।

७.९ नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने। सवारी साधन बिग्रेको हकमा यथा सम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने।

७.१० नदीजन्य पदार्थको ओसार पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा मध्यनेपाल नगरपालिकाले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने।

७.११ उत्खनन् गरिएका पदार्थ गन्त व्यस्थलतर्फ लैजाँदा विद्यालय रहेको गाँउवस्तीको बाटो प्रयोग गर्नुपर्ने भएमा उक्त बाटोहरुमा बिहान ९:००-१:०० बजे सम्म र दिउँसो ४:००-५:०० बजे सम्म ढुवानीका साधनहरु नचलाउने।

७.१२ खोलाजन्य पदार्थको उत्खनन् गर्न ठेक्का कबोल गरेको रकम बराबरको रोयल्टी वापतको रकम सम्झौताको शर्तमा उल्लेख गरी चौमासिक रुपले वा अग्रिम एकमुष्ठ बुझाउन सकिने छ। अग्रिम एकमुष्ठ बुझाएमा बढीमा उक्त कबोल रकमको बढीमा दश प्रतिशत (१० प्रतिशत)सम्मको रकम छुट दिन सकिनेछ।

८. **उत्खनन् परिमाण नियन्त्रण विधि :** उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नुपर्नेछ।

८.१ नगरपालिकाले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पूर्व प्राविधिक नाप जाँच तथा रेखाकंनका आधारमा पहिलो पटक उत्खनन लाईन दिने।

८.२ यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा नगरपालिकाले नियमित अनुगमन गर्ने।

८.३ दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको अनुसूचि २ बमोजिमको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्ने।

८.४ अनुसूचि ४ बमोजिमको ढाँचामा दैनिक उत्खनन तेरिज तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले सोको अभिलेख राख्ने।

९. **अनुगमन सम्बन्धी व्यवस्था :** IEEप्रतिवेदनका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुमगन गर्न देहाय बमोजिमको अनुगमन संयन्त्र परिचालन गर्नुपर्ने।

९.१ प्रमुख जिल्ला अधिकारी संयोजक रहेको नेपाल सरकार द्धारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्यपदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ।

९.२ नदीजन्य पदार्थको उत्खनन तथा ओसार पसारको कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिम भए नभएको नियमित अनुगमन गर्न मध्यनेपाल नगर कार्यपालिकाको कार्यालयले अनुगमन कार्यदल बनाई नियमित अनुगमनका लागि परिचालन गर्ने।

**९.३ प्रहरी द्धारा अनुगन :** उत्खनन/संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन्/संकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको नेपाल प्रहरीले जुनसुकै बेला अनुगमन गर्न सक्नेछ।

**९.४.नगरपालिकाद्धार अनुगमन :** उत्खनन/संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन नगरपालिकाले अनुगमन कार्यदल खटाउन सक्नेछ।

**९.५ अनुगमनको कार्यसूचि :** माथि उल्लेखित अनुगमन व्यवस्था अनुसार नदीजन्य पदार्थको उत्खनन् तथा ओसारपसारका लागि प्रचलित कानून व्यवस्था र सर्वमान्य मान्यता र यस कार्यविधिमा गरिएको प्रावधानहरुको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी उत्खनन् नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन नियन्त्रण, नदीजन्य पदार्थको राजश्व चोरी गरि हुन सक्ने ओसार पसार, अनुमति बेगर भारी यान्त्रीक औजार प्रयोग गरी गरिने उत्खनन लगायतका विषयमा अनुगमन गरी शर्त उल्लंघन गर्ने उपर कारबाही गर्न नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ।

९.६ अनुगमन कार्यमा लाग्ने खर्चको लागि नगरपालिकाले आवश्यक व्यवस्था गर्नेछ।

९.७ अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्व चोरीगरी उत्खननकर्ता वा ढुवानीकर्तालाई आ.व. ०७४/०७५ सम्म जिल्ला समन्वय समिति र त्यस उप्रान्त प्रदेश कानून वा नगरपालिकाको निर्णय बमोजिम जरिवाना गरिने छ।

९.८ माथि ९.७ बमोजिम प्राप्त हुने जरिवानाको २० प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गर्ने।

**१०. विविध :**

१०.१ नदीजन्य पदार्थ उत्खनन गरिने स्थलमा अनुसूचि ४ बमोजिमको सूचना बोर्ड राखी सरोकारवाला सबैलाई जानकारी दिनुपर्ने।

१०.२  यो कार्यविधिलाई नगरपालिकाले आवश्यकता बमोजिम बेला बेलामा संशोधन गरी लागु गर्न सक्ने।

१०.३ यस कार्यविधिमा उल्लेखित प्रावधानहरु यसै बमोजिम हुनेछन्, त्यसमा उल्लेखित प्रावधानहरु कुनै ऐन वा नियमावलीको प्रावधानसँग बाझिएको हदसम्म ऐन वा नियमावली बमोजिम हुनेछन्। यस कार्यविधिमा नपरेका कुराहरु सम्बन्धित ऐन नियमावली बमोजिम

हुनेछन ।

१०.४ यस कार्यविधिका प्रावधानहरुको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

अनुसूचि-१

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोर्लेटार, लमजुङ**

**पटके नदी प्रवेश आदेश**

**(दफा ६ को उपदफा ६.७)**

मध्यनेपाल नगरपालिकाको...........................................खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम : समय :
नदी प्रवेश आदेश मिति : प्रवेश आदेश नं.:

**नदी प्रवेश आदेश विवरण**

१. नदीजन्य पदार्थ ओसार पसार गरी लैजाने नाकाको नाम :
ठेगना : सम्पर्क फोन नं.:
२. ओसार पसार नदीजन्य पदार्थको नाम :
३. नदीजन्य पदार्थ ढुवानी गरि लैजाने साधनको नाम : सवारी दर्ता नं.:
४. निकासी गरि लैजाने नदीजन्य पदार्थको परिमाण : घनफुट :
५. ओसार पसार गरी लैजाने स्थान :
६. निकासी गरि लैजाने नदीजन्य पदार्थको प्रयोजन :
(जुन प्रयोगका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)
(क) निजी निर्माण (ख) सार्वजनिक निर्माण (ग) प्रशोधन पछि बिक्री

नोट : यो आदेश विना सवारी साधन नदीमा प्रवेश गर्न, नदीजन्य पदार्थको ओसार पसार गर्न र नदीजन्य पदार्थ संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा नगरपालिकाको निर्णय अनुसारको जरिवाना र अन्य प्रचलित कानुन बमोजिम सजाय समेत हुने छ ।

प्रवेश आदेश दिने कर्मचारी वा ठेकेदार प्रतिनिधिको नाम थर :
सहि :

अनुसूचि-२

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोर्लेटार, लमजुङ**

**<u>उत्खनन् कर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख</u>**

**(दफा ६ को उपदफा ६.८ अनुसार)**

मध्यनेपाल नगरपालिकाको.............................................खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वियनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम :
उत्खनन् गरिएको नाका वा घाटको नाम :

| सि.नं. | उत्खनन् गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको दस्तखत | अनुगमन कर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूचि-३

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोर्लेटार, लमजुङ**

## उत्खनन् स्थलमा राख्नु पर्ने सूचना बोर्डको नमुना

**(दफा ६ को उपदफा ६.१५ अनुसार)**

मध्यनेपाल नगरपालिकाको ....................................................खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा उत्खनन स्थलमा सार्वजनिक जानकारीका लागि राखिएको ।

### नदीजन्य पदार्थ उत्खनन गरिने स्थल
### उत्खनन् विवरण

१. नदीको नाम :
२. घाटको नाम :
३. उत्खनन गरिने परिमाण घ.फू. मा :
४. उत्खनन कार्यमा प्रयोग हुने साधन :
५. उत्खनन गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगना :
६. उत्खनन गर्ने अवधि : मिति २०७ / / गते बाट उल्लेखित परिमाण निकालञ्जेल वा २०७ साल...................................भित्र मध्ये जुन पहिला हुन्छ ।

नोट : कुनै सिकायत, गुनासो वा थप जानकारीका लागि मध्यनेपाल नगरपालिका कार्यालय भोर्लेटार, लमजुङका प्रमुख प्रशासकीय अधिकृतको मोबाइल नं ९८५६०१६१११ मा सम्पर्क गर्नुहुन ।

अनुसूचि-४

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोर्लेटार, लमजुङ**

**नदीजन्य पदार्थको दैनिक पटके बिक्री अभिलेख तेरीज**

**(दफा ७ को उपदफा ७.२ अनुसार)**

मध्यनेपाल नगरपालिकाको ....................................................खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाटमा भएको नदीको नाम :

नाका वा घाटको नाम :

| सि.नं. | निकासी मिति : | पटके बिकी आदेश नं. | पटके बिक्री भएको परिमाण | बाँकी भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : यो फारम उत्खनन् स्थलबाट ठेकेदारले पटकै पिच्छे भरी दैनिक पटके विक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा नगरपालिकाको कार्यालयमा अनिर्वाय रुपमा पठाउनु पर्नेछ ।

अनुसूचि-५

**मध्यनेपाल नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**भोर्लेटार, लमजुङ**

**<u>स्थानीय अनुगमन समिति</u>**

**(दफा ९ को उपदफा ९.४ अनुसार)**

| | |
|---|---|
| मध्यनेपाल नगरपालिका - नगर प्रमुख | - संयोजक |
| मध्यनेपाल नगरपालिका - नगर उपप्रमुख | - सदस्य |
| मध्यनेपाल नगरपालिका - प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| स्थानीय इलाका वन कार्यालयको प्रमुख | - सदस्य |
| स्थानीय इलाका प्रहरी कार्यालयको प्रमुख | - सदस्य |

आज्ञाले,

नर बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत